नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-२१५ दायर मितिः-२०८१/०९/०५**

**फैसला मितिः-२०८१/०९/०५**

**वादी**

**प्र.ह.संजय कुमार महतोको प्रतिवेदनले**

**नेपाल सरकार.........................१**

**प्रतिवादीहरु**

**देश भारत बिहार राज्य जिल्ला पूर्वी चम्पारण थाना रक्सौल,रक्सौल नगरपालिका वडा नं.११ नागाटोल घर भई जिल्ला पर्सा बीरगंज महानगरपालिका वडा नं.१६ मिथिलानगर टोल बस्ने लक्ष्मण चौधरीको छोरा वर्ष ५५ को रमेश चौधरी समेत २ जना .......१**

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीहरुले प्रहरीलाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने प्रहरी प्रतिवेदन.।
२. प्रतिवादीहरुले प्रहरीलाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. हामी प्रहरीलाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीहरुको बयान कागज।
४. प्रहरीलाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले प्रतिवादीहरुलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका रवि राज शर्मा समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
६. प्रतिवादीहरु यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान ।

**ठहर-खण्ड**

यसमा मिति २०८१।०८।२३ गते अं.११:३० बजेको समयमा जिल्ला पर्सा बीरगंज महानगरपालिका वडा नं. १६ अमरचोक रजकजयन्ति चोकबाट बसपार्क तर्फ जाँदै गरेको प्रतिवादीहरु रमेश चौधरीले हाँकी चलाएको ना.१ह. ४७३९ नम्बरको ई-रिक्सा एक्कासी ब्रेक लगाउदा सोही दिशबाट जाँदै गरेको प्रतिवादीहरु रामबाबु साहले हाँकी चलाएको ना.२ह. ३५३३ नम्बरको अटो पछाडीबाट ठोक्किई दुर्घटना हुँदा अटोमा सवार राम साहको दाहिने हात र दाहिने खुट्टामा चोट लागि घाईते भएकोमा उपचार गराई दिनु भनि भन्दा निजहरु उत्तेजित भई उल्टै प्रहरी उपर अश्लिल गाली गलौज गरी अभद्र व्यवहारको कसूर गरेको हुँदा निज प्रतिवादीहरुहरुलाई कानून बमोजिम कारबाही होस् भन्ने प्रहरी प्रतिवेदन तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीहरुले गरेको बयान तथा प्रतिवादीहरु यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान समेतको आधारमा यी प्रतिवादीहरुले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी घाईतेको उपचार गराई दिनु भनि प्रतिवादीहरुलाई प्रहरीले भन्दा निज प्रतिवादीहरुले उल्टै प्रहरी उपर अश्लिल गाली गलौज गरी अभद्र व्यवहारको गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादीहरु रमेश चौधरी र रामबाबु साहलाई कैद दिन १२ र जरिवाना जनही रु.१००००/- अक्षरेपी दस हजार मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादीहरु रमेश चौधरी र रामबाबु साहलाई ठहरेको कैद दिन १२ को हकमा निज मिति २०८१/०८/२३ देखि २०८१/०९/०४ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा जरिवाना जनही रकम रु.१००००/- असुल उपर गर्नु -------------------------------------------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीहरुलाई पुनरावेदनको म्याददिनु-------------------------------------------------------------------------------------------------------१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु----------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु-----------------------१

**गणेश अर्याल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ पौष महिना ५ गते शुक्रवार रोज ६/ ने.सं. ११४५ थिंलागा पञ्चमी,शुभम् ........